"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेंशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७७।०७८
चलानी नं. : १४६३

मिति : २०७७/१२/१७

**विषय: प्रस्तावसहित निवेदन पेश गर्ने सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालय सबै
नमोवुद्ध नगरपालिका, भकुण्डेवेशी ।

प्रस्तुत विषयमा विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत तपसिल वमोजिमका कार्यक्रमहरु वितरणका लागि विद्यालय छनौट गर्नुपर्ने भएकोले गतविगत वर्षमा जिल्ला शिक्षा कार्यालय/शिक्षा विकास तथा समन्वय इकाइ/यस नगरपालिकावाट उपलव्ध भएका कार्यक्रमसँग दोहोरो नपर्ने गरी इच्छुक विद्यालयहरुले देहायमा उल्लिखित व्यहोरा र कागजात समेत संलग्न राखी मिति २०७७।१२।२६ गते कार्यालय समय भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र सं. | कार्यक्रम | निवेदन दिन पाउने विद्यालयहरु | निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु | कैफियत/विशेष टिप्पणी |
|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताब खरिद तथा इ-पुस्तकालयसमेत) | माध्यमिक तहका विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र ।<br>२. पुस्तकालय स्थापनाका लागि कक्षाकोठाको व्यवस्था गर्ने प्रतिवद्धता सहित विव्यसबाट निर्णय भएको निर्णयको प्रतिलिपि,<br>३. पुस्तक खरिद र फर्निसिङ व्यवस्थापनको कार्ययोजना सहितको प्रस्ताव,<br>४. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धतासहित वडा कार्यालयको सिफारिस पत्र<br>५. लाइब्रेरी सञ्चालनका लागि एकजना शिक्षक वा कर्मचारीको व्यवस्था गरिने विद्यालयको पत्र, | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |
| २ | शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्युटर, इन्टरनेट,कनेक्टिभिटी | माध्यमिक तहका विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र<br>२. ICT स्थापनाका लागि कक्षाकोठाको व्यवस्था<br>३. कम्प्युटर शिक्षक भए नभएको व्यहोरा खुलेको विद्यालयको पत्र | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |

२०७७/१२/१७
जनार्दन रिजाल
उप सचिव

| | | | | |
|---|---|---|---|---|
| | इक्युपमेण्टस तथा Kits खरिद) का लागि अनुदान | | ४. विव्यसबाट ICT सञ्चालनको प्रतिवद्धता गरिएको निर्णयको प्रतिलिपि,<br>५. ICT का लागि आवश्यक पर्ने कम्प्युटर, networking, internet आदि व्यवस्थापनका लागि आवश्यक सामग्री र फर्निसिङ व्यवस्थापनको कार्य योजना सहितको प्रस्ताव,<br>६. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धतासहित वडा कार्यालयको सिफारिस पत्र | |
| ३ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | माध्यमिक तहका विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र<br>२. विज्ञान प्रयोगशाला स्थापनाका लागि कक्षाकोठाको व्यवस्था<br>३. विज्ञान विषयको शिक्षक भएको र निजले विज्ञमा प्रयोगशालामा उपलब्ध सामग्रीहरु विद्यार्थीलाई प्रयोगात्मक गराउन सक्ने व्यहोरा खुलेको विद्यालयको पत्र<br>४. विव्यसबाट विज्ञान प्रयोगशाला सञ्चालनको प्रतिवद्धता गरिएको निर्णयको प्रतिलिपि,<br>५. विज्ञान प्रयोगशालाका लागि आवश्यक पर्ने ल्याव सामग्री व्यवस्थापनको कार्ययोजना सहितको प्रस्ताव,<br>६. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धतासहित वडा कार्यालयको सिफारिस पत्र | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |
| ४ | गणित विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits) अनुदान | आधारभूत तह (१-८)का विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |
| ५ | विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | माध्यमिक र आधारभूत तहका विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था कक्षा ५,८ र एसइइको क्रमश अघिल्लो ३ वर्षको शैक्षिक उपलब्धिसमेत उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र<br>२. तोकिएको सूचकाङ्कसहितको स्वःमूल्याङ्कन फाराम(उक्त सूचकाङ्क सहितको फाराम शिक्षा शाखाबाट उपलब्ध हुने वा मेलमा पठाइने)<br>३.विव्यसबाट विद्यालयको तोकिएको सूचकाङ्क बमोजिम कार्यसम्पादनस्तर बढाउने प्रतिवद्धता गरिएको निर्णयको प्रतिलिपि,<br>४. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धतासहित वडा कार्यालयको सिफारिस पत्र | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |

२०७७/१२/१६
आनन्दराज रिजाल
उप सचिव

| | | | | |
|---|---|---|---|---|
| ६ | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | माध्यमिक तहका विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या, भौतिक पूर्वाधारको अवस्था, कक्षा ८, एसइइ र कक्षा १२ को क्रमशः अघिल्लो ३ वर्षको शैक्षिक उपलब्धि/ परीक्षा नतिजा खुलेको निवेदन पत्र<br>२. तोकिएको सूचकाङ्कसहितको स्वःमूल्याङ्कन फाराम(उक्त सूचकाङ्क सहितको फाराम शिक्षा शाखाबाट उपलब्ध हुने वा प्रअ/विद्यालयको मेलमा पठाइने) | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |
| ७ | Wash सुविधा भएको शौचालय निर्माण अनुदान | सबै सामुदायिक विद्यालयहरु | आवश्यक भएको प्रस्तावसहितको विद्यालयको निवेदन (विव्यसको निर्माण गर्ने प्रतिवद्धता सहितको निर्णय प्रतिलिपि, वडाको सिफारिस पत्र) | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |

२०७७/१२/१८

.......................
जनार्दन रिजाल
उपसचिव

बोधार्थ तथा कार्यार्थः

१. नगर प्रमुख ज्यूः अवगतार्थ

२. नगर उपप्रमुख ज्यूः अवगतार्थ

३. सबै वडा कार्यालय, नमोबुद्ध नगरपालिकाः जानकारीका लागि।

४. सूचना तथा प्रविधि शाखा, नमोबुद्ध नगरपालिका, भकुण्डेबेशी : नगरपालिकाको वेवसाइट तथा सामाजिक सञ्जालमा अपलोड गरिदिनुहुन।

नमोबुद्ध नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, नमोबुद्ध

# विद्यालयको कार्य सम्पादन मूल्याङ्कन फाराम २०७७/०७८

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेबेसी, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

विद्यालयको नामः ठेगानाः नमोबुद्ध नगरपालिका वडा नं……..टोल………..

| क्र.सं. | क्षेत्र | कार्य सम्पादन सूचक | अङ्क दिने आधार | अङ्कभार | विद्यालयको स्वःमूल्याङ्कन (अङ्क दिने आधारबमोजिम स्वयम् अङ्क प्रदान गर्ने) | नगरपालिकाको मूल्याङ्कन समितिबाट प्रमाणीकरण गरिएको प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन (१३ अङ्क) | क. विद्यालय व्यवस्थापन समितिको गठन, नियमित बैठक बस्ने र निर्णय कार्यान्वयन | नमोबुद्ध नपाको शिक्षा ऐन वा कार्यविधिबमोजिम विव्यसको गठन भएको भए १ अङ्क , नियमित रुपमा बैठक बस्ने गरेको भए १ अङ्क तथा निर्णय कार्यान्वयन वापत २ अङ्क | ४ अङ्क | | |
| | | ख. शिक्षक अभिभावक संघको गठन, बैठक तथा निर्णय कार्यान्वयन | नमोबुद्ध नपाको शिक्षा ऐन वा कार्यविधिबमोजिम शिअसंघको गठन भएको भए १ अङ्क , नियमित रुपमा बैठक बस्ने गरेको भए १ अङ्क तथा निर्णय कार्यान्वयन वापत १ अङ्क | ३ अङ्क | | |
| | | ग. बालक्लबको गठन तथा परिचालन | बाल क्लबको गठन १ अङ्क तथा परिचालन वापत १ अङ्क | २ अङ्क | | |
| | | घ. अभिभावक भेला र सुझाव कार्यान्वयन | अभिभावक भेला १ अङ्क र सुझाव कार्यान्वयन वापत १ अङ्क | २ अङ्क | | |
| | | ङ. विद्यालय सुधार योजना कार्यान्वयनका लागि वडा कार्यालय/वडा समिति, सामाजिक संघ संस्था र अन्य सहयोगी साझेदारहरुसँगको सहकार्य | विद्यालय सुधार योजनाका लागि वडा कार्यालय वडा शिक्षा समिति सामाजिक संघ संस्थासँग सम्झौता गरी सहकार्य गरेको भए १ अङ्क र सोको प्रगति अभिलेखीकरण गरेको भए १ अङ्क | २ अङ्क | | |
| २ | विद्यालयको वार्षिक शैक्षिक योजना (५ अङ्क) | क. वार्षिक कार्ययोजनाको निर्माण तथा कार्यान्वयन | वार्षिक कार्ययोजना निर्माण गरेको भए १ तथा कार्यान्वयन भएको भए २ अङ्क | ३ अङ्क | | |
| | | ख. वार्षिक शैक्षणिक योजनाको निर्माण तथा कार्यान्वयन | प्रत्येक शिक्षकले वार्षिक शैक्षणिक योजनाको निर्माण गरेको भए १ अङ्क तथा कार्यान्वय भएको भए १ अङ्क | २ अङ्क | | |
| ३ | विद्यालय सुधार योजना (५ अङ्क) | क. विद्यालय सुधार योजनाको निर्माण र वार्षिक अध्यावधीकरण | विद्यालय सुधार योजनाको निर्माण भएको भए २ अङ्क र वार्षिक अध्यावधीकरण भएमा थप १ अङ्क | ३ अङ्क | | |
| | | ख. विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय कार्ययोजनाको निर्माण र कार्यान्वयन | विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय कार्ययोजनाको निर्माण भएको भए १ अङ्क र कार्यान्वयन भएको भए थप १ अङ्क | २ अङ्क | | |
| ४ | सुशासन र पारदर्शिता (११ अङ्क) | क. नियमित रुपमा सामाजिक परीक्षण गरी प्रतिवेदन बुझाएमा | नियमित रुपमा सामाजिक परीक्षण गरी प्रतिवेदन बुझाएमा २ अङ्क र सार्वजनिक सुनुवाइ समेत गरेको र सोको प्रतिवेदन बुझाएमा १ अङ्क | ३ अङ्क | | |
| | | ख. नियमित रुपमा लेखा परीक्षण गरी प्रतिवेदन बुझाएमा | नियमित रुपमा लेखा परीक्षण गरी प्रतिवेदन बुझाएमा २ अङ्क - | २ अङ्क | | |

जनार्दन रिजाल

उप सचिव

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेबेशी, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

| क्र.सं. | | कार्य सम्पादन सूचक | अङ्क दिने आधार | अङ्कभार | विद्यालयको स्वःमूल्याङ्कन (अङ्क दिने आधारबमोजिम स्वयम् अङ्क प्रदान गर्ने) | नगरपालिकाको मूल्याङ्कन समितिबाट प्रमाणीकरण गरिएको प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | ग. सूचना पाटीको व्यवस्था र प्रयोग | सूचना पाटीको व्यवस्था र प्रयोग भएको भए २ अङ्क | २ अङ्क | | |
| | | घ. त्रैमासिक प्रगति प्रतिवेदन नगरपालिकामा संप्रेषण | त्रैमासिक प्रगति प्रतिवेदन संप्रेषण वापत २ अङ्क | २ अङ्क | | |
| | | ङ. विद्यार्थी शिक्षक आचारसंहिता निर्माण र प्रयोग | विद्यार्थी आचारसंहिता निर्माण र प्रयोग गरेको भए १ अङ्क र शिक्षक आचारसंहिता निर्माण र प्रयोग गरेको भए १ अङ्क | २ अङ्क | | |
| ५ | न्यूनतम सिकाइ वातावरण (११ अङ्क) | क. कक्षागत बुक कर्नरको व्यवस्था | सबै कक्षामा बुक कर्नरको व्यवस्था भएमा १ अङ्क | १ अङ्क | | |
| | | ख. शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन | शिक्षण समय तालिका (साप्ताहिक कार्यतालिका रुटिन) अनुसार शिक्षकको व्यवस्थापन भएमा १ अङ्क | १ अङ्क | | |
| | | ग. सबै विद्यार्थीहरुलाई सेटमा पाठ्यपुस्तकको उपलब्धता | सबै विद्यार्थीहरुलाई शैक्षिक सत्र शुरु भै भर्ना अभियान सञ्चालन पश्चात् तोकिएको समय सीमा भित्र सेटमा पाठ्यपुस्तकको उपलब्धता भएमा २ अङ्क | २ अङ्क | | |
| | | घ. पाठ्यक्रमले निर्धारित गरेको उद्देश्य पूरा हुने गरी अतिरिक्त क्रियाकलापको सञ्चालन | अतिरिक्त क्रियाकलाप सञ्चालनको योजनाका लागि १ अङ्क अभिलेखीकरण भएको भए थप १ अङ्क | २ अङ्क | | |
| | | ङ. शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग | शैक्षिक सामग्रीको उपलब्धता प्रयोग भएको भए १ अङ्क | १ अङ्क | | |
| | | च. विशेष आवश्यकता भएका बालबालिकाहरुको लागि विद्यालयमा पहुँच र सिकाइ वातावरणको समुचित व्यवस्थापन | संघीय शिक्षा मन्त्रालय वा अन्तरगत निकायले तोकेको मापदण्ड अनुसारको विशेष आवश्यकता भएका बालबालिकाहरुको लागि विद्यालयमा पहुँच र सिकाइ वातावरणको समुचित व्यवस्थापन गरेको भए १ अङ्क | १ अङ्क | | |
| | | छ. लैङ्गिक मैत्री बालमैत्री वातावरणको विकास | संघीय शिक्षा मन्त्रालय वा अन्तरगत निकायले तोकेको मापदण्ड अनुसार लैङ्गिक मैत्री, बालमैत्री वातावरणको विकास भएको भए १ अङ्क | १ अङ्क | | |
| ६ | शिक्षण सिकाइ समय परिपालना (८ अङ्क) | क. विद्यालय खुलेको दिन | संघीय शिक्षा कानुन र नमोबुद्ध शिक्षा ऐन र शिक्षा कार्यविधिमा तोकिए अनुसार विद्यालय खुलेको दिनको अभिलेखीकरण विद्यार्थी हाजिर पुस्तिकामा अध्यावधिक भएमा ३ अङ्क | ३ अङ्क | | |
| | | ख. शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको दिन | संघीय शिक्षा कानुन र नमोबुद्ध शिक्षा ऐन र शिक्षा कार्यविधिमा तोकिए अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको अभिलेखीकरण अध्यावधिक भएमा ५ अङ्क | ५ अङ्क | | |
| ७ | विद्यार्थी मूल्याङ्कन तथा सिकाइ उपलब्धि विकास योजना (१९ अङ्क) | क. पाठ्यक्रमले तोकेअनुसार अध्यावधिक परीक्षा सञ्चालन र विद्यार्थीलाई लिखित पृष्ठपोषण गरेमा | पाठ्यक्रमले तोकेअनुसार नमोबुद्ध शैक्षिक क्यालेण्डर वा नमोबुद्धको परीक्षा कार्ययोजना बमोजिम अध्यावधिक परीक्षा सञ्चालन र विद्यार्थीलाई लिखित पृष्ठपोषण गरेमा २ अङ्क | २ अङ्क | | |

जनार्दन रिजाल
उप सचिव

| क्र.सं. | नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेबेशी, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल | कार्य सम्पादन सूचक | अङ्क दिने आधार | अङ्कभार | विद्यालयको स्वःमूल्याङ्कन (अङ्क दिने आधारबमोजिम स्वयम् अङ्क प्रदान गर्ने) | नगरपालिकाको मूल्याङ्कन सामेतिबाट प्रमाणीकरण गरिएको प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | ख. निरन्तर विद्यार्थी मूल्याङ्कन, आवधिक परीक्षाको पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेमा | निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि ३ अङ्क, आवधिक परीक्षाको पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेमा २ अङ्क | ५ अङ्क | | |
| | | ग. प्रत्येक शिक्षकले विषयगत सिकाइ उपलब्धि विश्लेषण र अभिवृद्धि योजना तयारी र कार्यान्वयन | विषयगत सिकाइ उपलब्धि विश्लेषण १ अभिवृद्धि योजना बनाएको भए १ अङ्क र योजना अनुसार वृद्धि भएको भए १ अङ्क | ३ अङ्क | | |
| | | घ. विद्यालयको समग्र सिकाइ उपलब्धि विश्लेषण र अभिवृद्धि योजना तयारी र कार्यान्वयन | विद्यालयको समग्र सिकाइ उपलब्धि विश्लेषण १ र अभिवृद्धि योजना १ र योजना अनुसार अभिवृद्धि भएको देखिएमा १ अङ्क | ३ अङ्क | | |
| | | ङ. नगरपालिकाको औसत सिकाइ उपलब्धि भन्दा बढी भएमा | नगरपालिकाको औसत सिकाइ उपलब्धि भन्दा बढी भएमा ४ अङ्क बराबर भएमा २ अङ्क घटि भएमा शून्य अङ्क | ४ अङ्क | | |
| | | च. विद्यालयले तयार गरेको प्रक्षेपित सिकाइ अभिवृद्धि योजनाको आधारमा न्यूनतम ५० प्रतिशत भन्दा बढि वृद्धि भएको | सिकाइ अभिवृद्धि योजनाको आधारमा न्यूनतम ७५ प्रतिशत भन्दा बढि वृद्धि भएमा २ अङ्क वा ५० प्रतिशत भन्दा बढि ७५ प्रतिशत भन्दा कम वृद्धि भएमा १ अङ्क | २ अङ्क | | |
| ८ | विद्यालयको आन्तरिक सक्षमताको अवस्था (१३ अङ्क) | क. सेवा क्षेत्र भित्र विद्यालय जाने उमेर समूहका बालबालिकाहरु विद्यालय बाहिर नरहेको | सेवाक्षेत्र भित्र विद्यालय जाने उमेर समूहका (कक्षा १ मा) बालबालिकाहरु विद्यालय बाहिर नरहेको अभिलेख सहित एकीन भएको ४ अङ्क | ४ अङ्क | | |
| | | ख. विद्यार्थीको टिकाउ राष्ट्रिय औसत भन्दा माथि रहेमा | विद्यार्थीको टिकाउ राष्ट्रिय औसत भन्दा माथि रहेमा ५ अङ्क | ५ अङ्क | | |
| | | ग. विद्यार्थीको कक्षा छाड्ने दर | विद्यार्थीको कक्षा छाड्ने दर शून्य रहेमा ४ अङ्क राष्ट्रिय औसतभन्दा कम भएमा २ अङ्क | ४ अङ्क | | |
| ९ | भौतिक वातावरण (११) | क. संघीय शिक्षा कानुन वा नमोबुद्ध शिक्षा ऐन वा शिक्षा कार्यविधिमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी संख्याको आधारमा फर्निचर तथा कक्षा कोठाको व्यवस्थापन | संघीय शिक्षा कानुन वा नमोबुद्ध शिक्षा ऐन वा शिक्षा कार्यविधिमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी संख्याको आधारमा फर्निचर तथा कक्षा कोठाको व्यवस्थापन भएमा ३ अङ्क | ३ अङ्क | | |
| | | ख. विद्यालयको खानेपानी तथा पानीसहितको छात्रछात्रालाई अलग्गै शौचालयको व्यवस्था र WASH को सुविधा | विद्यालयको खानेपानी व्यवस्था १ पानीसहितको छात्रछात्रालाई अलग्गै शौचालयको व्यवस्था १ छात्रा शौचालयमा प्याड फेर्ने र प्याड राख्ने व्यवस्था भएमा १ तथा साबुन पानीसहितको WASH को व्यवस्था १ | ४ अङ्क | | |
| | | ग. विद्यालयमा खेलमैदान, घेराबारको व्यवस्था | विद्यालयमा खेलमैदान, घेराबारको व्यवस्था भएमा १ अङ्क | १ अङ्क | | |
| | | घ. विद्यालयमा अध्ययन व्यवस्थासहितको पुस्तकालय | विद्यालयमा अध्ययन व्यवस्थासहितको पुस्तकालय भएमा १ अङ्क | १ अङ्क | | |
| | | ङ. विज्ञान प्रयोगशालाको व्यवस्था | विज्ञान प्रयोगशालाको व्यवस्था भएमा | १ अङ्क | | |
| | | च. सुरक्षित विद्यालय वातावरण | भूकम्प प्रतिरोधी भवन, विपद् व्यवस्थापन पूर्वतयारी योजना र अभ्यास १ अङ्क | १ अङ्क | | |

जनार्दन रिजाल
उप सचिव

| क्र.सं. | क्षेत्र | कार्य सम्पादन सूचक | अङ्क दिने आधार | अङ्कभार | विद्यालयको स्वःमूल्याङ्कन (अङ्क दिने आधारबमोजिम स्वयम् अङ्क प्रदान गर्ने) | नगरपालिकाको मूल्याङ्कन समितिबाट प्रमाणीकरण गरिएको प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १० | शैक्षिक सूचना तथा प्रविधिको प्रयोगको अवस्था (६ अङ्क) | क. विद्यालयमा सूचना तथा प्रविधिका साधनहरुको उपलब्धता | कम्प्युटर/ल्यापटप र प्रिन्टरको आवश्यक मात्रामा व्यवस्था भएमा २ अङ्क प्रोजेक्टरको व्यवस्था भएमा १ अङ्क | ३ अङ्क | | |
| | | ख. शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोग | शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोग भएमा ३ अङ्क | ३ अङ्क | | |
| जम्मा | | | | १०० अङ्क | | |

द्रष्टव्यः कार्य सम्पादन अनुदान प्राप्त गर्नका लागि विद्यालयले माथि उल्लिखित सूचकहरुमा सामाजिक परीक्षण, विद्यालय सुधार योजना र वार्षिक अध्यावधीकरण, सेटमा पाठ्यपुस्तकको उपलब्धता, लेखापरीक्षण, शिक्षकको उपस्थिति, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन, नतिजा विश्लेषण र विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयनमा तोकिएको अङ्कसहित ५० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ। साथै विद्यालयले आफुले प्राप्त गर्ने अंकको पुष्टाई हुने कागजात समेत फाइल पेश गर्नुपर्नेछ।

प्रअको दस्तखतः
प्रअको नामः
मितिः

दस्तखतः
मूल्याङ्कनकर्ताको नामः
मितिः

दस्तखतः
मूल्याङ्कनकर्ताको नामः
दस्तखतः
मूल्याङ्कनकर्ताको नामः

जनार्दन रिजाल
उप सचिव